# जिल्ला विकास समिति
# कैलाली
# आन्तरीक लेखापरीक्षण शाखा
## *आन्तरिक लेखापरीक्षण प्रतिवेदन*

**प्रतिवेदनको अवधि** : मिति २०७२ श्रावण देखि २०७३ आषाढ मसान्तसम्म

| | | |
|---|---|---|
| **कार्यालय र स्थान** : जि.वि.स.को का.,कैलाली **आर्थिक वर्ष** : ०७२/७३ | **परिचय :** सुदुरपश्चिमकै गेटको रुपमा परिचित यस जिल्लाको भौतिक पूर्वाधार, सामाजिक तथा आर्थिक, तथा समग्र विकासलाई जनकेन्द्रित तथा सामुदायीक संलग्नता सहितको बनाउनु र विकासका लागि सरोकारवालाहरुसंग समन्वय, छलफल गरी विभिन्न निकायहरुमा सिफारिश गर्नेदेखि स्थानीय शुसासन र जवाफदेहिता, बालमैत्री स्थानीय शासन, बातावरणमैत्री शासन, विपद् व्यवस्थापन, सामाजिक सद्भाव र दिगो शान्ती तथा अन्य धेरै विषयमा विभिन्न कार्यक्रमहरुमार्फत कार्य गर्ने स्थानीय निकाय हो । | **कार्यालय प्रमुख :** श्री कृष्णप्रसाद लम्साल, श्री केशव प्रसाद बिमली **लेखा प्रमुख :** श्री कृष्ण प्रसाद खनाल |

**लेखा परीक्षकको मन्तव्य**

| सि. नं | गो.भौ.नं./ मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | अनियमित रकम रू. | असुल गर्ने रकम रू. | पेश्की रकम रू. | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको | म्याद ननाघेको |
| | **नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम** | | | | | |
| १ | ४-०७२/५/१८ | कृषी प्रा.स.रबिन्द्र चौधरीका नामको गत आ.व.को पेश्की रकम रु.३१०,०००।०० फछ्र्यौट गर्दा रु.९८,११०।०० बेरुजु खातामा जम्मा गरेको बैंक भौचरको प्रतिलिपी र रु.२१,४९०।०० को चिया नास्ताको बिल भर्पाईहरु मात्र पेश भएकोले रु.११९,६००।०० को मात्रै बिल भर्पाईहरु रहेको र बाँकी रु.१९०,४००।०० को केही नरहेकोले बिल भर्पाई राखि नियमित गर्नुपर्ने वा पेश्की नै कायम गरिनु पर्ने | १९०,४००.०० | | | |
| २ | १९-०७२/७/२२ | जनचेतनामूलक कार्यक्रम संचालन अन्तर्गत रु.२८४,७६०।०० को ३५ थान होर्डिङ बोर्डहरु खरीद भएकोमा तिनको प्रयोग भैसकेको बारे नखुलेकोले या त कार्यालयमा दाखिला भएको वा कुनै कार्यमा प्रयोग भैसकेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने देखिन्छ । | | | | |
| ३ | २८६-०७३/३/२४ | प्रा.स.रविन्द्र कुमार चौधरीका नामको ४ दिने अवलोकन भ्रमण वापतको रकम रु.९७६,०००।०० गर्दा संलग्न गरेका कागजात तथा बिलभर्पाईहरु हेर्दा निम्नानुसारको व्यहोरा देखियो :<br>क) ९४ जना सहभागि हुने भनि कार्यक्रमको प्रस्ताव गरेको र सोही बमोजिमको आर्थिक प्रस्ताव पनि रहेकोमा ७८ जना मात्र भ्रमणमा गएको तर सबै रकम खर्च | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जनाईएको जबकी सहभागि भत्ता मात्रै १६जना x ४ दिन x रु.१,६००।०० को जम्मा रु.१०२,४००।०० बच्नुपर्नेमा सो पनि नबचेकोले उचित कारण बेगरप्रस्तावभन्दा बढी खर्च भएको रकम नियमानुसार रहेको नदेखिएको । | | | | |
| ४ | २७८-०७३/३/२४ | RKD Suppliers, Dhangadhi लाई ४०५ सेट सोलार सेट खरीद तथा जडान कार्य वापत रु.३,०९४,०३०।०० भुक्तानी गर्दा निम्नानुसारको व्यहोरा देखियो :<br>क) सुँगरखाल गा.वि.स.मा जडान भैनसकेको । गा.वि.स.को कार्यालयले ७६ सोलार सेट आम्दानी जनाई राखेको । जडान भैसकेको हुनुपर्ने ।<br>ख) उदासिपुरमा कती सेट जडान भयो भन्ने एकिन संख्या सिफारिश नभएको र संलग्न भर्पाईमा पनि खुल्न नसकेकोले एकिन गर्न सकिने प्रमाण पेश गर्नुपर्ने ।<br>ग) सम्झौता पत्रमा जि.वि.स.कैलालीको अनुगमन तथा मूल्यांकन समितिले अनुगमन गरे पछी मात्र बाँकी ८०% रकम भुक्तानी दिने भनी उल्लेख गरेको तर सो अनुगमन प्रतिवेदन संलग्न नरहेकोले सो राखि नियमित गर्नुपर्ने देखिन्छ । | | | | |
| ५ | | यस आ.व.को अन्त्यमा बाँकी रहेको पेश्की रकम नियमका म्यादभित्र नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | | | ४,१३७,८२०।०० | |
| | **निर्वाचन क्षेत्र विकास कार्यक्रम/निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम** | | | | | |
| १ | ४१५-०७३/३/२७ | लम्की चुहा न.पा. अन्तर्गत चरैला नदी तटबन्धन निर्माण कार्यको अन्तिम किस्ता भुक्तानी गर्दा प्राविधिक प्रतिवेदन तथा योजना शाखाको टिप्पणि अनुसार रु.३२८,८२९।० भुक्तानी दिनुपर्नेमा रु.८००,०००।०० भुक्तानी दिएको बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर हुनुपर्ने रकम रु. | | ४७१,१७१.०० | | |
| २ | ४२९-०७३/३/२८ | माननीय सांसद गरिमा शाहको कार्यक्रमबाट संचालित सांस्कृतिक समाज टिकापुरको भवन निर्माण कार्यको ल.ई रु.२१७,५०३।३४ रहेकोमा कार्यसमपन्न प्रतिवेदनमा जम्मा रु.२०९,०५९।०७ को मात्रै काम भएको भनि उल्लेख भएको देखिन्छ । तर ईष्टिमेट भन्दा जती कम कार्य हुन्छ त्यही अनुपातमा जि.वि.स.को र उपभोक्ताको योगदानको हिसाव हुनुपर्नेमा ल.ई. भन्दा रु. ८,३४४।०० को कम काम भएको निर्माण कार्यको सम्झौता अनुसारको सबै रकम भुक्तानी दिएको देखिएको जबकी माथि उल्लेखीत अनुपात अनुसार रु.१६८,२०५ मात्र भुक्तानी दिनुपर्नेमा रु.१७५,०००।०० नै भुक्तानी दिएकाले बढी भुक्तानी भएको रकम नियमसंगत रहेको भन्न नमिल्ने ।<br>त्यसै गरी अर्को गोश्वारा भौचरबाट : फलामे गोरेटो बाटोमा पूल निर्माण उ.स.टिकापुर ५, घियापुछरीमा पनि त्यसै गरी रु. ८७०,६२५।०० मात्र भुक्तानी दिनुपर्नेमा सम्झौता अनुसारकै रु.८८६,५००।०० भुक्तानी दिएको देखिन्छ । | | | | |
| ३ | | यस आ.व.को अन्त्यमा पेश्की बाँकी रहेको रकम नियमका म्यादभित्र नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. | | | ८२५,०००।० | |
| | **जिल्ला विकास अनुदान** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | १०७-०७२/१०/२२ | घुरहीमा बंगुरपालन महिला समूहले ५० वटा बंगुरका पाठा खरीद गरी प्रति व्यक्ति १ पाठाका दरले बाडेको भनिएकोमा सो कार्यको सम्झौता अनुसार बंगुरका पाठा वितरण कार्यको सम्बधित स्थानीय निकाय वा जिल्ला विकास समितिका कर्मचारीको रोहवरमा गर्नुपर्ने र सो को सीफरिश पत्र पनि संलग्न गर्नुपर्ने भनिएकोमा सो नभएको तसर्थ कुनै एक स्थानीय निकायको सिफारिश पत्र राखि नियमित गर्नुपर्ने रु. | २००,०००.०० | | | |
| ७ | २९९-०७३/३/२४ | उग्रतारा ईनर्जी, धनगढीलाई विभिन्न ईन्भर्टर तथा कम्प्यूटर मर्मत वापतको रु.४९,६४०।०० भुक्तानी भएकोमा कुन शाखाको कति कम्प्यूटर र ईन्भर्टर मर्मत भएको भनि खुलाई राख्दा पारदर्शि र नियमसंगत हुने देखिन्छ। | ४९,६४०.०० | | | |
| ८ | | निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधिमा यस कार्यक्रम अन्तर्गत संचालित कार्यक्रममा कम्तिमा २०% उपभोक्ताको लागत सहभागिता हुनुपर्ने भनि उल्लेख भएकोमा केही योजनाहरुमा १० देखी १२% सम्म मात्रै उ.स.को लागत सहभागिता रहेको देखिएकोले रकम खर्च गर्दा कार्यविधिको पालना पूर्ण रुपमा गर्नुपर्ने देखिन्छ। | | | | |
| ९ | | यस आ.व.को अन्त्यमा पेश्की बाँकी रहेको रकम नियमका म्यादभित्र नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. | | | ९१,०००।०० | |
| | **आन्तरीक आय खाता** | | | | | |
| १ | | आ.व. ०७२/७३ का लागि कृषि तथा पशुजन्य निकासी कर संकलनको ठेक्का पाएका ठे. शाही कन्स्ट्रक्सन सर्विस प्रो. दान वहादुर शाही, बलिया ९,चिसापानीले रु. १८,५५१,१११।०० कबोल गरी ठेक्का लिएकोमा हालसम्म रु.२,५५१,१११।०० बुझाउन बाँकी रहेको देखिएकोले सो रकम अविलम्ब असुल उपर हुनुपर्ने देखिन्छ। | | २,५५१,१११.०० | | |
| २ | | गा.वि.स.बाट प्राप्त हुने मालपोत अंश : गाउँ विकास समितिको कार्यालयले उठाएको मालपोत रकमको २५% रकम जिल्ला विकास समितिलाई बुझाउनुपर्ने भन्ने व्यवस्था भएकोमा यस आ.व.मा पनि २८ वटा गा.वि.स.हरुमध्ये आधाभन्दा बढी गा.वि.स.ले सो रकम बुझाएको नदेखिएकोले नियमानुसार जि.वि.स.लाई प्राप्त हुने रकम असुलीतर्फ विशेष ध्यान दिन जरुरी देखिन्छ। | | | | |
| ३ | | सटर भाडा : कार्यालयको परीसरमा रहेको केही सटरहरुको असार मसान्त सम्मको भाडा सोही आ.व.मा नै असुल गरीसक्नुपर्नेमा हालसम्म पनि प्राप्त नभएकोले सो रकम असुली तर्फ विशेष ध्यान दिनु जरुरी छ। | | | | |
| | **नेपाल पर्यटन बोर्ड** | | | | | |
| १ | | **जनश्रमदान सम्बन्धमा :** नेपाल पर्यटन बोर्डले पठाएको अख्तियारी पत्रमा उपभोक्ता वा लाभग्राही समुदायहरुको कम्तिमा ३०% लागत सहभागितामा कार्य गराउने कार्यविधीका अधिनमा रही कार्यक्रम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ भनी उल्लेख भएकोमा सो अनुसारको उपभोक्ता समूहको लागत सहभागिता रहेको नदेखिएको। रकम खर्च गर्दा सो को अख्तियारीको पालना गर्नु पर्ने देखिन्छ। | | | | |
| | **संस्कृती प्रबर्द्धन कार्यक्रम** | | | | | |

<table>
<tr><td>१</td><td></td><td>बजेट तथा कार्यक्रम सम्बन्धमा : संस्कृती पर्यटन तथा उड्डययन मन्त्रालयले १६ वटा योजनाको नामै तोकी रु.३,०५०,०००।०० पठाएकोमा ति मध्ये १३ वटा र अलग्गैबाट १ योजना शिवमन्दिर विकास समिति, ध.न.पा.२ लाई भवन निर्माण कार्यको लागि रु.१००,०००।०० खर्च गरी रु.३४८,१४५।०० फिर्ता पठाएको देखिन्छ ।</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">बादी समुदाय उत्थान विकास समिति</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>९-<br>०७३/३/२४</td><td>वादी समुदायको तथ्यांक संकलन गरी प्रोफायल बनाउने कार्यको रु.४०,०००।०० पे.फ. गरी रु.४०,०००।०० भुक्तानी दिएकोमा प्रोफायल बनाई पेश गरेको नदेखीएकोले प्रोफायल १ थान संलग्न गरी राख्नुपर्ने देखिन्छ ।</td><td>८०,०००.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना (पूजिगत)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td></td><td>यस कार्यक्रमबाट संचालित खानेपानी तथा सरसफाई उपभोक्ता समूहहरुले योजना निर्माणको क्रममा आवश्यक सामानहरु खरीद गर्दा नियमानुसारको प्रक्रिया पुऱ्याई मात्र खरीद गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">जि.वि.स.कोष चालू</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td></td><td>भुलबस अगिल्लो आ.व.मा कम रकम भुक्तानी भएकोले हाल भुक्तानी गरेको भनी विभिन्न बजेट उपशिर्षकहरुका रकम यस खाताबाट भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको कच्चावारी नबनाई जि.वि.स.बाट निर्णय गरेको आधारमा रकम भुक्तानी दिएकोले खर्च एकिन गर्न गाह्रो ।
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>योजनाको नाम तथा उ.स.</td><td>रकम रु.</td></tr>
<tr><td>२५२- ०७२/१०/३</td><td>अखरुवा नाला कल्भर्ट निर्माण, नारायणपुर १</td><td>१००,०००।०</td></tr>
<tr><td>२५३- ०७२/१०/३</td><td>काठेपूल नि.उ.स., चौमाला</td><td>५०,०००।००</td></tr>
<tr><td>२५४- ०७२/१०/३</td><td>तटबन्धन तथा पिकनीक स्पोर्ट निर्माण उ.स., लम्की चुहा न.पा. १</td><td>४२,०००।००</td></tr>
<tr><td>२५५- ०७२/१०/३</td><td>गैडाखेडा बाटो ग्राभेल उ.स., रामशिखरझाला४</td><td>१५,७११।००</td></tr>
</table></td><td>१९२,०००.००</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>२९४-<br>०७२/१०/२१</td><td>KDS प्रा.ली., काठ्माण्डौलाई गाडी नं. ७२४० मर्मत वापतको रकम भुक्तानी भनी लेखेकोमा गो.भौ.संग बिल तथा कोटेशन आदी कागजात नभएकोले बिल तथा अन्य आवश्यक कागजात राखि नियमित गर्नुपर्ने वा असुल गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३१५-०७२/११/३ | लेपा. देवराज भट्टको रु.३५,०००।०० पे.फ.गरी रु.१,०२०।०० भुक्तानी गर्दा आवश्यक बिल भर्पाईहरु नरहेकोले खर्च पुष्टि गर्ने कागजात राखि नियमित गर्नुपर्ने देखिन्छ। | ३६,०२०.०० | | | |
| ४ | ४२७-०७२/१२/१८ | जनज्योती नि.मा.वी.फर्निचर निर्माण उ.स.घोडाघोडी न.पा.१ लाई फर्निचर मर्मत कार्यको भुक्तानी भनी रु.१७१,८००।०० भुक्तानी गर्दा (१९ सेट डेस्क र बेन्चको @ रु.१०,०६०।००) मूल्य तेरीज, ठेक्का सम्बन्धी बिल तथा लागत बिश्लेषण समेत संलग्न गरी राख्नुपर्ने देखिन्छ। | | | | |
| ५ | | कार्यालय सहयोगिलाई पेश्की : कार्यालय सहयोगिलाई विभिन्न पटक कार्यालय संचालन तथा विविध कार्यको पेश्की दिई फछ्र्यौट गर्दा संलग्न कागजातहरुमा क्याश मेमो, जिन्सी दाखिला बिना नै सामान खरीदका बिल पाईएकोले नियमानुसार खर्च गर्ने कार्यमा अवरोध भएको देखिन्छ तसर्थ कार्यालय सहयोगीका नाममा पेश्की दिई कार्य संचालन गर्ने कार्य दुरुत्साहन गर्नुपर्ने देखिन्छ। | | | | |
| ६ | ६७८-०७३/२/३१ | शिव भोले ग्रामिण विद्युत सहकारी संस्थाको भवन निर्माण उ.स., धउमनपा १५ लाई रु. ५००,०००।०० भुक्तानी गर्दा संलग्न कार्यसम्पन्न प्रतिवेदनमा आईटम नं. ४ Saal wood chouket door and window को परिमाण 0.22 m3 @ १६५,५५८।०० गरी जम्मा रु.३६,४२२।७६ हुनुपर्नेमा ३८,०७८।३४ लेखिई यथार्थभन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्ने देखिन्छ। | | | | |
| ७ | ८..-०७३/३/२३ | दिक्षान्त विज्ञापन सेवा, धनगढीलाई कार्यालयको सूचना गोरखापत्र दैनिकमा प्रकाशन गरे वापतको रकम भुक्तानी भनी रु.२२६,०००।०० भुक्तानी दिएकोमा :<br>गोरखापत्र संस्थानलाई नै सिधै दिन सकिने काम तेश्रो पक्षमार्फत गर्दा गोरखापत्रको दरभन्दा धेरै बढी रकम भुक्तानी हुन सक्ने सम्भावना रहेकोले गोरखापत्रको दररेट पनि संलग्न गरी राख्नुपर्ने देखिन्छ। | | | | |
| ८ | | यस आ.व.को अन्त्यमा बाँकी पेश्की रकम नियमका म्यादभित्र नियमानुसार फछ्र्यौट गर्नुपर्ने रकम रु. | | | १,२१०,०००।०० | |
| | **बेरुजु नरहेका कार्यक्रमहरु** | | | | | |
| १ | | माथि उल्लेखित कार्यक्रमहरुमा वाहेक अन्य कार्यक्रमहरु उल्लेख गनुपर्ने बेरुजु रहेको नदेखिएको तर यसैसाथ संलग्न केन्द्रिय तथा कोषतर्फको आर्थिक कारोवारको स्थितीमा उल्लेख भए अनुसारका कार्यक्रमहरुमा पेश्की बाँकी रहन गएको रकम नियमका म्यादभित्र नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ। | | | | |

..........................

राजेश प्रसाद जोशी

(आ.ले.प.अधिकृत)